

# मन्थन

पुस्तक समीक्षा




*चर्निङ द अर्थ : द मेकिङ अफ ग्लोबल इन्डिया*


५१




*अब्जेक्टिभ ट्राय : ए टेरोरिस्ट, ए प्रेसिडेन्स एन्ड द राइज अफ द ड्रोन*

५३

# विदेशी सहयोग : कोठाको हात्ती




**पुस्तक : *द माउन्टेन ब्वाय एन्ड द फरेन एड सर्कस***
लेखक : क्लाउड बविलियर
प्रकाशक : वज्र बुक्स, २०१५
पृष्ठ : ४७
मूल्य : ३६.५० डलर
ISBN: 978-9937623506

**समीक्षक :**
**मधुकरशमशेर जङ्गबहादुर राणा**

क्लाउड बविलियरको पुस्तक *द माउन्टेन ब्वाय एन्ड द फरेन एड सर्कस* पढेपछि मभित्र प्रश्न पैदा भयो, किन यस्तो शीर्षक राखियो ? पुस्तकको पछिल्लो गाता हेरेपछि पढ्ने र समीक्षा गर्ने प्रेरणा मिल्यो। विगत ६० वर्षदेखि नेपालले विकासमा विदेशी सहयोग प्राप्त गर्दै आएको छ। तर उपलब्धि के भयो त ? विदेशी सहयोगले हाम्रो भौगोलिक, सामाजिक र स्थानीय परिस्थितिसित नमिलेको ढाँचा लादिएको भान भयो, मलाई। औद्योगिक मुलुकका राजधानीमा तिनकै चासो परिपूर्ति गर्न ती ढाँचा प्रस्ताव गरिएका हुन् भन्ने तर्क बलशाली देखिन्छ।

## सन् १९९० पछिको कालखण्ड

सन् १९९० देखि नेपाललगायत अन्यत्र थोपरिएको एउटा एजेण्डा हो- उदारीकरण, निजीकरण र संरचनागत समायोजन कार्यक्रम। निजीकरणले नेपालमा राजनीतिक भ्रष्टाचारलाई प्रश्रय दियो। राज्यका जायजेथा बेचिए जसले सन् १९९७ मा शुरू भएको माओवादी हिंसालाई थप बल पुऱ्यायो। राष्ट्रिय 'थिङ्क ट्याङ्क' हरू चिन्तन होइन ठेक्कामा अनुसन्धान गर्ने समूह बने। नेपालको सिर्जनात्मक क्षमतामा निरन्तर ह्रास हुँदै गयो। प्रशासन संयन्त्र विदेशी सहयोगमा पूरै आश्रित बन्न पुग्यो। विदेशी परामर्शदाताले तयार पारेका र माथिबाट थोपरिएका योजना एवं कार्यक्रमले सेवाग्राहीलाई एउटा वस्तुको रूपमा लिए, सोच्ने र विचार गर्न सक्ने व्यक्तिका रूपमा होइन। विदेशी सहयोग असफल हुनुको एउटा कारण यो पनि थियो। विकासोन्मुख मुलुकका प्रशासनतन्त्रका असन्तुलनबारे विचार पुगेन। योजना तर्जुमा एउटा समूहले एक समयमा गर्छ भने त्यसको कार्यान्वयन अर्को समयमा नबुझ्ने कर्मचारीले गर्छन्; जसलाई योजना तर्जुमा प्रक्रियाबारे जानकारी नै हुन्न। केही समयपछि ऊ अन्यत्रै सरुवा हुन्छ। नयाँ मान्छे आउने क्रम चल्छ। झन्डै ३० लाख डलर खर्च गरेर नेपाल विद्युत् प्राधिकरणका लागि तयार गरिएको वित्तीय नियमावली एउटा उदाहरण हो। यो अध्ययन रद्दीको टोकरीमा फालिएको थियो।

## विदेशी सहयोग : असफलता

नेपालमा विदेशी सहयोगको इतिहासमा यस्ता थुप्रै उदाहरण भेटिन्छन्। क्लाउड बविलियरको पुस्तकले विदेशी सहयोगका यस्तै कथा समेटेको छ। बविलियर स्वीट्जरल्यान्डको पहाडमा जन्मिएका थिए तर उनले त्यस ठाउँलाई आफ्नो मान्न सकेनन्। उनी न्यूजिल्यान्ड बसाइँ सरे अनि जीवनको लडाइँ लड्दै, लण्डनबाट विद्यावारिधि गरेपछि शिक्षा क्षेत्रमा काम गर्न शुरू गरे। उनको कार्यथलो एशिया र अफ्रिकाका ३० वटा मुलुक थिए। उनी भन्छन्, "मेरो काम थियो त्यहाँका भ्रष्ट र अक्षम सरकार अनि विदेशी सहयोगमा निर्भर दम्भी ब्युरोक्र्यासीलाई सल्लाह दिनु।" उनलाई विदेशी सहयोगमा हुने भ्रष्टाचार र असफलताको प्रत्यक्ष अनुभव गर्ने मौका मिल्यो। उनी भन्छन्, "३० वर्ष र २७ वटा मुलुकको अनुभवले एउटा प्रष्ट मानचित्र दिएको छ।" लेखक नोर्डिक मुलुकको सहयोगमा बङ्गलादेशमा शिक्षाका लागि कार्यान्वयन गर्दै गरिएको एउटा योजनाको उदाहरण दिन्छन्। त्यो सहयोगको ६ करोड डलर व्यक्तिगत प्रयोजनमा पनि लगिएको छ भन्ने प्रतिवेदन त्यही मुलुकका विशेषज्ञले दिएका थिए, तर खासै वास्ता भएन। अर्को उदाहरण हो, क्याम्बोडियाको जहाँ विदेशी योजना निर्देशकले अक्षम परामर्शदातालाई काम दिएको थियो, उसको तलबको केही भाग आफूले पाउने शर्तमा।

दशकौंको सहयोगपश्चात् पनि केही नभएको नेपाललाई उनले असफल राज्य भनेका छन्। लेखकका अनुसार यो असफलता

**पूर्णाङ्क–१५ : *शिक्षक* मासिक र आइसेट–नेपालको सहकार्यमा २०७१ कात्तिकबाट प्रकाशित हुन थालेको 'मन्थन' (पुस्तक समीक्षा) को यो छैटौं अंक हो। यस प्रकाशनको संयोजन आइसेट–नेपालका कार्यकारी निर्देशक अजय दीक्षितले गर्दछन्।**

**लेखकको सुझाव छ– 'विदेशी सहयोग' को नाम परिवर्तन गरेर त्यसलाई 'आपसी सहयोग' भन्नुपर्छ । उनी विदेशी सहयोग सरकारलाई दिनुको सट्टा स्थानीय समुदायलाई प्रत्यक्ष दिनुपर्छ भन्ने तर्क गर्छन् । यो समीक्षक प्रस्ताव गर्छ, सहयोगको रकम प्रत्यक्ष सेवाग्राहीको ब्यांक खातामा जम्मा गर्नुपर्छ ।**

राजनीतिक इच्छा शक्तिको कमी, दूरदृष्टिको अभाव र अक्षमताको परिणाम हो। आफूले रोजेका योजनामा मात्रै लगानी गर्दा दाताहरू दङ्ग हुने क्रम प्रशस्त छ। ववलियरले नेपाललगायत धेरै देशमा मन्त्री र राजनीतिक नेताहरूले प्रत्यक्ष चलाएका गैरसरकारी संस्था पनि देखे। त्यसै भएर उनी भन्छन्, "राजनीतिक नेतृत्वले गैरसरकारी संस्था चलाउने प्रसङ्ग विकासोन्मुख मुलुकमा जहाँ पनि प्रशस्त पाइन्छ।"

१४७ पृष्ठको पुस्तकको प्राक्कथनमा ग्रेटा राणाले लेखेकी छन्, "यो पुस्तकले विदेशी सहयोगका संस्थालाई स्पष्ट र ठाडो आक्रमण गरेको छ। केही वर्षअघि छापिएको ग्राहम हानककको पुस्तक *लर्ड अफ पभर्टी* ले हामीलाई विदेशी सहयोगबारे सोच्न बाध्य पारेको थियो", उनी भन्छिन्, "तर हानककको पुस्तकमा भावना थिएन। ववलियरको पुस्तक भावनाले भरिएको छ।"

### सहयात्रा

पुस्तक लेखकको आत्मकथा पनि हो जसमा उनको बाल्यकाल समेटिएको छ। दोस्रो विश्वयुद्धताका स्वीट्जरल्याण्डको स्थिति अविकसित मुलुकभन्दा फरक थिएन। आफ्नो गाउँका अप्ठेराबारे क्लाउड पुस्तकमा उल्लेख गर्छन् र त्यहाँको शिक्षा प्रणालीका कमी-कमजोरी पनि। शिक्षा प्रणालीलाई परिवर्तन गर्ने प्रबल इच्छाले उनी शिक्षा क्षेत्रमा लागे, शिक्षा समाजशास्त्रमा विद्यावारिधि गरे। अफ्रिकामा उनले सँगालेको अनुभव मननीय छ। त्यहाँको अनुभव समेट्दै उनी भन्छन्, "महिलाको मुक्तिविना कुनै पनि मुलुकले गरीबी निवारण, राजनीतिक स्थिरता तथा सामाजिक र आर्थिक रूपान्तरण गर्न सक्दैन। ववलियरका अनुसार अफ्रिकी समाज एकदमै पितृसत्तात्मक छ र महिला सशक्तिकरणका योजना स्वीकृत हुनै दिँदैन।

लेखकको सुझाव छ- 'विदेशी सहयोग' को नाम परिवर्तन गरेर त्यसलाई 'आपसी सहयोग' भन्नुपर्छ। यसले नयाँ साझेदारीको मान्यता प्रतिबिम्बित गर्न सक्छ। उनी विदेशी सहयोग सरकारलाई दिनुको सट्टा स्थानीय समुदायलाई प्रत्यक्ष दिनुपर्छ भन्ने तर्क गर्छन्। यो समीक्षक प्रस्ताव गर्छ, सहयोगको रकम प्रत्यक्ष सेवाग्राहीको ब्यांक खातामा जम्मा गर्नुपर्छ। त्यसपछि मात्र विकास मागअनुसार चल्न सक्नेछ न कि सहयोग उपलब्धताको हिसाबले। यो बाटोले सहयोगकर्ताहरूबीच सेवाग्राहीको छनोटलाई आदर गर्दै एउटा प्रतिस्पर्धाको माहोल पनि बनाउन सक्छ। आफ्ना केटाकेटीलाई कुन स्कूलमा पढाउने वा कुन अस्पतालमा पठाउने जिम्मा सेवाग्राही घरपरिवारको हो, सहयोग उपलब्ध गराउनेको होइन।

हिजोआज ब्यांकिङ सेवाको चरित्र नयाँ खालको र व्यापक भएपछि यस्तो बाटो सम्भव देखिन्छ। भारतमा प्रधानमन्त्री नरेन्द्र मोदीले हरेक नागरिकले ब्यांक खाता खोल्नुपर्ने अभियान चलाउँदै छन्। लेखक आफू जन्मेको मुलुक स्वीट्जरल्याण्डको विकासबाट प्रभावित भए पनि उनको छनोट आफ्नो दोस्रो घर न्यूजिल्यान्ड हो। उनी भन्छन्, "न्यूजिल्यान्डको 'निष्पक्षता' र 'सबै बराबर छन्' भन्ने सिद्धान्त अन्य मुलुकले पनि आत्मसात् गर्नुपर्छ।" ववलियर भन्छन्, "स्वीट्जरल्याण्डले आफ्नो मुलुकले लिने ब्यांकिङ क्षेत्र र त्यहाँ रहेका *नेस्ले* र अन्य रासायनिक कम्पनीहरूका गरीब विरोधी नीति परिवर्तन गर्नुपर्छ। स्वीसहरू विदेशीसित सामान्य रूपले सशङ्कित छन्, यद्यपि त्यहाँ दुई वर्ष अध्ययनरत रहँदा समीक्षकलाई स्थानीय परिवारहरूले जहिले पनि स्वागत गर्ने गर्थे।

### विकेन्द्रीकरणको महत्त्व


लेखकका अनुसार स्वीट्जरल्याण्डबाट नेपालले लिनुपर्ने महत्त्वपूर्ण पाठ विकेन्द्रीकरणको हो। विकेन्द्रित स्थानीय सरकार सहभागितामूलक विकास स्थापित गर्न अत्यावश्यक हुन्छ। न्यूजिल्यान्डले पनि विकेन्द्रीकरणको पाठ दिन्छ अर्को तरीकाबाट। त्यहाँ एकात्मक व्यवस्था भए पनि बजार व्यवस्था विकेन्द्रीकरण र परिवर्तनको माध्यम बनेको छ। ववलियर स्वीस ढाँचाभन्दा न्यूजिल्यान्डको ढाँचाप्रति बढी लगाव राख्छन्। तर दुवै रामराज्य होइनन्, छैनन्। उन्नतितर्फ लाग्दा हामीले आफ्नो समाजमा एकात्मता, निष्पक्षता, आत्मीयता र विमति स्वीकार्ने चरित्र विकास गर्नु जरूरी हुन्छ।

क्लाउडका अनुसार सबै विदेशी सहयोग असफल भएका छैनन्। महिला समूह, समर्पित गैरसरकारी संगठन, एसोसिएसन र उपभोक्ता समूहसित वास्तविक सहकार्यमा गरिएका प्रयासले सेवाग्राहीलाई स्वावलम्बी बनाएका थुप्रै उदाहरण छन्। दक्षिण भारतको ऋषि भ्याली शिक्षण केन्द्र एउटा सफल उदाहरण हो। यसले विश्वलाई के देखाएको छ भने सिक्ने (ज्ञान आर्जन गर्ने) प्रयास रूपान्तरणकारी र चित्तबुझ्दो मात्रै होइन, खुशी दिने र गरीबी निवारणको प्रभावकारी विधि पनि बन्न सक्छ। लेखकले अफ्रिकी मुलुक सेनेगल र बुर्किना फासोका महिला एसोसिएसनहरूलाई पनि शिक्षा प्रदान गर्ने सफल पंक्तिमा राखेका छन्। उनी भन्छन्, "त्यहाँका महिलाहरूको विकासमा भूमिका खेल्न अब कसैले रोक्न सक्दैन। नेपालका आमा समूह र उपभोक्ता समूहका यात्रा पनि यस्तै उदाहरण हुन्।"

**(अर्थशास्त्रका ज्ञाता राणाको यो समीक्षा पहिलो पटक *द काठमाडौं पोस्ट* (२०१६, अप्रिल १६) मा प्रकाशित भएको हो। अङ्ग्रेजीबाट अनुवाद: युवराज सत्याल।**



# भूमण्डलसित जोडिएका विकासका चुनौती




**पुस्तक : *चर्निङ द अर्थ : द मेकिङ अफ ग्लोबल इन्डिया***
लेखक : असिम श्रीवास्तव र अशिश कोठारी
प्रकाशक : पेन्गुइन बुक्स इन्डिया, २०१२
पृष्ठ : ५१८
मूल्य : रू. ६९९
ISBN: 9780670086252

**समीक्षक : शोभाकुमारी यादव**

बेलायतबाट स्वतन्त्र भएपछि झन्डै ४५ वर्षसम्म भारतले समाजवादी अर्थव्यवस्था अँगाल्यो। उक्त अर्थव्यवस्थाले मुलुकलाई विकासको गतिमा अघि बढाउने जगसम्म बनायो तर गतिशील भएन, किनभने 'लाइसेन्स राज्य' र प्रशासनिक झमेलाहरूले दक्षतालाई छेके। सन् १९९२ मा पीभीनरसिंह रावको प्रधानमन्त्रीत्व कालमा डा. मनमोहन सिंह अर्थमन्त्री हुँदा भारतले स्वतन्त्र बजारमुखी अर्थप्रणालीको बाटो रोज्यो। त्यसको केही वर्षअघि मात्र सोभियत युनियन विघटन र बर्लिनको पर्खाल भत्किएको थियो। त्यसै आधारमा तत्पश्चात् पश्चिमी मुलुकका विद्वान्हरूले साम्यवाद हाऱ्यो भन्ने तर्क पनि गरे, हुन पनि तत्पश्चात् बजारवादले ऐतिहासिक विजय हासिल गऱ्यो र नवउदारवाद विकास गर्ने नयाँ मन्त्रको रूपमा अगाडि आयो।

आर्थिक वृद्धि तथा कुल गार्हस्थ्य उत्पादनलाई विकासको सूचक मान्ने चलन सबैतिर स्वीकार्य छ। उदारवादका पक्षधरहरू भन्छन्, "सन् १९९२ मा सुधारको बाटोमा लागेपछि भारतको अर्थव्यवस्थाले गति लिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको उदयपछि विदेशी लगानी, आधुनिक प्रविधि, ठूला पूर्वाधारको व्यापक निर्माणका विषयले नागरिक मतको अनुमोदन पाएका छन्। सञ्चारमाध्यममा यस्तै विकासका विषय प्रस्तुत हुन्छन्, तामझाम देखिन्छ, लाग्छ विकासको रामराज्य आइसक्यो। तर अँध्यारा कथाहरू पनि छन्। विकास निर्माणका लागि गरिने जमीन अधिग्रहणबाट पीडित किसानले विरोध गरेका छन्, खडेरीले कृषि र जनजीविका नष्ट भएको छ, प्रदूषण बढ्दो छ।"

## विकास मन्थन

परिवर्तनका सिलसिलालाई कसरी बुझ्ने? भारत र चीनबीच रहेको नेपाल र नेपालीका लागि नजिकका छिमेकीका अनुभवले के भन्छन्? उत्तरी छिमेकीको विकास यात्राले सबैलाई चकित तुल्याएको छ, तर यो यात्रामा सामाजिक चुनौती र वातावरणमा ह्रास छ कि छैन? चीनको राजधानी बेइजिङमा वायु प्रदूषणको व्यापक असरको खबर सार्वजनिक भएकै हो केही समयअघि। चीनबारे लेखिएका हामीले बुझ्ने भाषामा तुलनात्मक रूपमा थोरै मात्रै सामग्री उपलब्ध छन्। हामी अङ्ग्रेजी भाषामा लेखिएका भारत र पश्चिमी मुलुकका पर्याप्त सामग्री पढ्न-सुन्न पाउँछौं।

छिमेकी मुलुक भारतको विकास र अँध्यारो वास्तविकताको एउटा बिम्ब असिम श्रीवास्तव र अशिश कोठारीको पुस्तक *चर्निङ द अर्थ : द मेकिङ अफ ग्लोबल इन्डिया* ले प्रस्तुत गर्छ। भारतमा चल्दै गरेको विकासक्रमको गाथा हो, पुस्तक। श्रीवास्तव अर्थशास्त्री हुन् भने कोठारी वातावरणवादी। दुई भागमा विभाजित पुस्तकमा एघार अध्याय छन्। 'ट्वालाइट : दियर इज नो अल्टरनेटिभ्स्' नाम दिइएको पहिलो भागमा आठ अध्याय समावेश छन् भने दोस्रो भाग 'डन दियर इज एन अल्टरनेटिभ' मा तीन। लेखकद्वय नवउदारवादको यात्राका क्रियाकलापले भारतको अर्थ, राजनीति र पर्यावरणमा पारेको सकारात्मक र नकारात्मक प्रभाव प्रस्तुत गर्छन्।

पुस्तकमा भारत विकासको प्रक्रियालाई पौराणिक ग्रन्थमा उल्लेख समुद्र मन्थनसँग तुलना गरिएको छ। पौराणिककालमा देव र असुर मिलेर समुद्र मन्थन गरेका थिए, मन्थनले विष र अमृत बाहिर ल्याएको थियो। भारतको विकास भूमण्डलीकरणसँग गाँसिएको छ जसले सकारात्मक र नकारात्मक दुवैखाले प्रभाव पार्दैछ। बढ्दो आर्थिक वृद्धिदर उपलब्धि हो भने सामाजिक अपचलन, बढ्दो असमानता, गरीबी र पर्यावरणीय ह्रास चुनौती हुन्। लेखकद्वयले 'इन्डिया' र 'भारत' लाई बिम्बका रूपमा प्रयोग गरेका छन् : 'इन्डिया' पश्चिमी मुलुकको प्रतिबिम्ब हो भने 'भारत' त्यहाँको अविकसित सन्दर्भ।

## भूमण्डलीकरणको आगमन

पुस्तकमा विकासलाई लेखकद्वयले भूमण्डलीकरणसित जोडेका छन्। तर प्रश्न उठ्छ यो प्रक्रियाको शुरूआत बिन्दु के हो त, कहिलेदेखि? लेखक भन्छन्, "भूमण्डलीकरणको सूत्रपात यूरोप-अमेरिकाबाट भयो, औद्योगिक क्रान्ति एवं औपनिवेशिक कालखण्डतिर।" सन् १५०० तिर यूरोपमा व्यापारिक पूँजीवादको थालनीसँगै भूमण्डलीकरणको प्रारूप शुरू भएको तर्क पनि गरिएको छ। श्रीवास्तव र कोठारी भन्छन्, "सन् १८४०-१९१४ सम्मको भूमण्डलीकरण बेलायतको अगुवाइमा भयो, जसले सम्पूर्ण विश्वलाई व्यापारसँग जोड्यो। वास्तवमा हाम्रै मुलुक नेपाल पनि सन् १८०० तिर ब्रिटिश साम्राज्यको प्रत्यक्ष सम्पर्कमा आएको हो र त्यो शक्तिसित लडाइँ पनि लडेको। नेपाल र बेलायतको सम्बन्ध विस्तार गर्ने एउटा आधार थियो, व्यापार। राणाशासकले बेलायतबाट सामान किन्थे, ज्वाइन्ट स्टक कम्पनीमा लगानी गर्थे र जङ्गलका काठ बिक्री गर्दथे। बलिया नेपाली युवा बेलायती सेनामा भर्ती हुन्थे। पहिलो विश्वयुद्धले भूमण्डलीकरणमा बेलायती अगुवाइको क्रमलाई रोक्यो। भूमण्डलीकरणको दोस्रो चरण अमेरिकी अगुवाइमा १९४५ देखि १९७१ सम्म चल्यो। दोस्रो विश्वयुद्धमा ध्वस्त भएका जापान र पश्चिम यूरोपको पुन:निर्माण यही कालखण्डमा भएको हो। एशिया र अफ्रिकाका मुलुक स्वतन्त्र भए पनि ती पुराना मुलुककै प्रभावमा थिए। ती मुलुकको स्रोत पश्चिमी मुलुककै प्रयोगका लागि सुरक्षित थिए। नवस्वतन्त्र मुलुकहरू व्यापक हिंसाको चपेटामा परेका थिए।

सन् १९८० सम्म भूमण्डलीकरण शब्द पश्चिमी मुलुकहरूमा समेत प्रयोगमा थिएन, १९९० पछि मात्रै व्यापक प्रचलनमा आयो। त्यसै कालखण्डमा वर्ल्ड वाइड वेब (www) को प्रचलन शुरू भयो

भने बेलायतमा मार्गरेट थ्याचरले खानेपानी व्यवस्था निजीकरण गरेपछि भूमण्डलीकरणको दौड शुरू भयो। दुई वर्षपछि सन् १९९२ मा जर्ज एच बुश राष्ट्रपति हुँदा अमेरिकाले इराकमा पहिलोपल्ट आक्रमण गरेको थियो । श्रीवास्तव र कोठारीका अनुसार यस आक्रमणपछि भूमण्डलीकरणको प्रयोग व्यापक हुन थालेको हो । हिजोआज भूमण्डलीकरण भन्नु अन्तर्राष्ट्रिय उत्पादन र आपूर्तिको सिलसिला स्थापित गर्नु हो जसको अगुवाइ बहुराष्ट्रिय कम्पनीले गर्छन् । उदाहरणका लागि रबरको उत्पादन मलेशियामा हुन्छ, तताउने काम कोरियामा, टायर बनाउने मेक्सिकोमा र बेचिन्छ जापान वा यूरोपका गाडी निर्मातालाई । यसका लागि त्यस्ता कम्पनीका स-साना एकाइ विभिन्न मुलुकमा खडा गरिन्छ जसले कर कम तिर्ने बाटो खोल्छ ।

### असमानताको दिगोपन र जलवायुको प्रसङ्ग

विकास र व्यापारको नवउदार बाटोले पारिस्थितिकीय प्रणालीमा व्यापक ह्रास ल्याएको छ, धनी र गरीबबीचको आर्थिक विषमता पहिलेको भन्दा बढेको छ। 'शहर र देश' को भिन्नता प्रष्टचाउँदै लेखकद्वय भन्छन्, "ग्रामीण क्षेत्र भूमण्डलीकरणद्वारा प्रेरित विकासको परिदृश्यमा छैन। 'विशेष आर्थिक क्षेत्र' घोषणामार्फत ग्रामीण क्षेत्रका उर्वर जमीन अधिग्रहण गर्दै निजी कम्पनीलाई बेचिन्छ, किसानले उचित क्षतिपूर्ति पाउँदैनन् । भूमण्डलीकरणले पृष्ठपोषण गरेको विकासको ढाँचामा निजी कम्पनीका हितमा सरकार चल्ने गर्छ । फलस्वरूप पर्यावरण प्रशासनले प्राकृतिक स्रोतको सन्तुलित प्रयोग गर्न नियमन गर्न सकेको छैन, गर्दैन, बरु भएका नीति नियम अनावश्यक छन् भनिन्छ।" श्रीवास्तव र कोठारीका अनुसार शहरका धनी र अन्य क्षेत्रका बासिन्दाबीच ठूलो खाडल बन्दैछ । आर्थिक वृद्धिको प्रतिफल सबैमा पुगेको छैन ।




जलवायु परिवर्तनका चुनौती केलाउँदै लेखकद्वयले भारतको प्रतिव्यक्ति प्रतिवर्ष हरितगृह ग्याँस उत्सर्जनको विषय उठाएका छन् जसले असन्तुलनको वास्तविकता थप प्रष्टचाएको छ।

सन् २००७ मा गरिएको एक अध्ययनका अनुसार विश्वको औसत प्रतिव्यक्ति कार्बन उत्सर्जन ५.३ टन प्रति वर्ष हुन आउँछ र भारतको १.६७। भारतमै पनि प्रति महीना प्रतिव्यक्ति ३० हजार भन्दा बढी आम्दानी गर्ने परिवारको भागमा ४.९७ टन पाइयो। तीन हजारभन्दा कम आम्दानी गर्नेको खपत १.११ टन पाइयो। अर्थात् धनी भारतीयले गरीब भारतीयको तुलनामा ४.५ गुणा बढी उत्सर्जन गर्ने रहेछन्। महीनामा रु.८ हजारभन्दा बढी आम्दानी गर्ने १५ करोड भारतीयको भागमा त्योभन्दा बढी उत्सर्जन पर्छ । वैज्ञानिकहरूको आकलन अनुसार 'यदि विश्व तापक्रम वृद्धिदर २ डिग्रीभन्दा तल राख्ने हो भने प्रतिव्यक्ति उत्सर्जन २.५ टन प्रतिवर्षमा ल्याउनुपर्छ। अन्य मुलुकमा पनि यस्तै हिसाबले गरे कस्तो परिदृश्य देखिएला ?' प्रष्ट छ पढेका, जान्ने-सुन्ने, चेतनशील एवं जो गरीब छैनन् तिनको भागमा ज्यादा कार्बन उत्सर्जन पर्नेछ। यो हिसाबकिताबले जलवायु परिवर्तन मात्रै होइन समग्र विश्व अर्थव्यवस्थाबारे नयाँ तरीकाले सोच्न सबैलाई प्रोत्साहन गरिनुपर्छ। चुनौती स्पष्ट छन् तर अगाडि के गर्ने कसरी भन्ने बाटो प्रष्ट छैन ।

### वैकल्पिक बाटो


भूमण्डलीकरणको विपक्षमा वकालत गरी पाठकलाई भड्काउनु आफ्नो उद्देश्य नभएको स्पष्टीकरण पनि लेखकद्वयले दिएका छन्। उनीहरू भन्छन्, "सही अर्थमा भूमण्डलीकरणबाट फाइदा लिन पृथ्वीवासीले भूमण्डलीकरणलाई परिपक्व ढङ्गले बुझ्नु आवश्यक छ। साथै विकास र भूमण्डलीकरणको नाममा भइरहेको अनियन्त्रित क्रियाकलापबारे सोच्नु पनि जरूरी भइसकेको छ।" भारतको विभिन्न भागमा हुँदै गरेका प्रयोग र अनुभवको संश्लेषण गर्दै लेखकद्वय विकासका वैकल्पिक बाटो प्रस्ताव गर्छन्। यो बाटो हो, 'र्‍याडिकल इकोलोजिकल डेमोक्रेसी।' यस बाटोमा प्रत्येक नागरिक र समुदाय निर्णयका लागि जिम्मेवार हुन्छ, सो प्रक्रियामा सहभागी हुन्छ । उनीहरू भन्छन्, "प्रतिनिधिलाई निर्वाचित गरेर शक्ति प्रयोग गर्न दिने अनि नागरिक चूपचाप बस्ने चलन काम लाग्दैन। हरेक नागरिक सचेत हुनुपर्ने मात्रै होइन, तिनले आफ्नो अधिकार प्रयोग गर्नुपर्ने छ र जिम्मा पनि लिनुपर्छ। अधिकारको प्रयोग गर्दा पारिस्थितिकीय दिगोपन र प्राकृतिक सम्पदाको अस्तित्वका बारेमा ध्यान दिनुपर्छ।"

उनीहरू भन्छन्, "छनोट 'कर्पोरेट टोटालिरिज्म' र 'र्‍याडिकल इकोलोजिकल डेमोक्रेसी' को बीच हो, यो बीचको नीतिस्थल खुम्चिँदै छ । सरकारको अगुवाइमा हुने गरेको समाजवादी बाटोले काम नगरेको हुँदा सरकारले होइन सबै बजारले गर्नुपर्छ भन्ने तर्क धेरैले प्रस्तुत गर्छन् तर यस्तो द्वैआङ्गिक बाटोले वास्तविक प्रजातन्त्र प्रवर्द्धन गर्दैन।"

नेपाललगायत अन्य मुलुकले भारतको अनुभवबाट के-कस्तो पाठ लिने ? भर्खरै संविधान जारी गरेको नेपालले त्यस्तो बाटो लिनुपर्‍यो जहाँ असमानता, धनी र गरीबबीचको विभेद कम होस्, लोकतन्त्र वास्तवमै सहभागीमूलक बनोस् । यसका लागि नयाँ चिन्तन र दूरदृष्टि आवश्यक हुन्छ तर दुर्भाग्य वर्तमान नेपालमा दुवैको ठूलो खडेरी छ ।

**(यादव विकास बहसमा रुचि राख्छिन् ।)**

# ड्रोनको आगमन र युद्धको नैतिकता




**पुस्तक : *अब्जेक्टिभ ट्राय : ए टेरोरिस्ट, ए प्रेसिडेन्स एन्ड द राइज अफ द ड्रोन***
लेखक : स्कट शेन
प्रकाशक : टिम डुग्गन बुक्स, २०१५
पृष्ठ : ४१६
मूल्य : २०.१४ डलर
ISBN: 9780804140294

**समीक्षक : थोमस नागेल**

पूर्वीय र पश्चिमी इतिहासमा युद्धका कथा प्रशस्त छन् । युद्धमा लाखौं लाखले ज्यान गुमाए । युद्ध भनेको नर्क हो, यसले समाजका हरेक तप्कालाई प्रताडित गर्छ, तैपनि युद्ध भएका छन्, भइरहन्छन् । महाभारतलाई धर्मयुद्ध भनिएको छ । हिटलर र मुसोलिनीको विरुद्धमा दोस्रो विश्वयुद्ध भएको थियो । युद्ध र हिंसा विचार, मन्थन र लेखकीय विषय बनेका छन् ।

धेरैले के विश्वास गर्छन् भने, आत्मरक्षाका लागि वा ज्यान जाने सम्भावना रोक्नका लागि हिंसाको प्रयोग उचित हुन्छ । मानवअधिकारको यो संस्थागत व्याख्याले सैनिक हस्तक्षेप ठीक छ भन्ने मान्यता बोक्छ । अपराधीलाई मृत्युदण्ड पनि दिइन्छ । हत्या राजनीतिक, धार्मिक वा बदला लिने उद्देश्यले पनि गरिन्छ । आफूलाई बचाउन गरिने हत्या, कानून र मृत्युदण्डको निर्णयभन्दा फरक हो ।

सामान्यतया सबै खालका मृत्यु समान भए पनि तिनका व्याख्या फरक छन् । ड्रोन अर्थात् चालकविना चल्ने विमानहरू लडाइँमा प्रयोग हुन थालेपछि यी व्याख्या रुन् परिवर्तन हुँदैछन् । धेरै मान्छे ड्रोन प्रयोगको विरोधमा छन्, यद्यपि यसले छानीछानी मार्नुपर्नेलाई मात्र मार्न सक्छ र परम्परागत सैनिक कारबाहीको तुलनामा विनाश पनि कम गर्छ । कारबाही गरिने स्थानबाट हजारौं माइल टाढा नियन्त्रण कक्षमा बसेर कम्प्युटर प्रयोग गर्ने ड्रोन चालकलाई आफू मर्छु भन्ने डर पनि हुँदैन । सैनिक हिसाबले योभन्दा उपयुक्त बाटो अरू के होला ?

स्कट शेनको पुस्तक *अब्जेक्टिभ ट्राय : ए टेरोरिस्ट, ए प्रेसिडेन्स एन्ड द राइज अफ द ड्रोन* ले हत्या र युद्धका यस्ता प्रसङ्गहरूलाई भित्रैसम्म खोतलेर केलाएको छ । लेखक स्कट शेन अमेरिकी राष्ट्रपति बाराक ओबामाको प्रशासन र आतङ्ककारी क्रियाकलापमा संलग्न अमेरिकी नागरिक अनवर अल-अल्वाकीलाई पात्र बनाएर विश्लेषण गर्छन् । राष्ट्रपति ओबामाले आतङ्कविरोधी आफ्नो नीतिमा ड्रोन प्रयोग गर्ने पद्धति अपनाए, आफ्ना पूर्वाधिकारीको परम्परागत सैनिक कारबाही गर्ने पद्धतिको सट्टा । शेनका अनुसार, 'अमेरिकामाथि आक्रमण गर्ने अलकायदाका सदस्यहरूको सङ्ख्या केही सयमा थियो । तथापि सन् २०११ देखि भएका ठूला युद्धमा हजारौं इराकी, अफगानी र ४ हजार अमेरिकी सैनिकले मृत्युवरण गरे । ड्रोनले अमेरिकाको शत्रुलाई एकपछि अर्को गर्दै निमिटचान्न पार्ने बाटो खोल्यो ।' 'हामीलाई मार्न खोज्नेलाई हामीले मार्‍यौं' राष्ट्रपति ओबामाले भन्ने गरेका छन् । यसरी मारिने एउटा व्यक्ति थिए अमेरिकी नागरिक अनवर अल-अल्वाकी । आफ्नो आधा जीवन अमेरिकामा बिताएका अल्वाकी ओबामाले राष्ट्रपति पद ग्रहण गर्दा मध्यपूर्वी मुलुक यमनमा कार्यरत थिए, अरेबियन क्षेत्रको अलकायदाको अगुवाका रूपमा ।

## सन् २०११ सेप्टेम्बरपछि

*न्यूयोर्क टाइम्स* का राष्ट्रिय सुरक्षा संवाददाता शेनद्वारा पुस्तकमा प्रस्तुत अन्तर्वार्ता, गहन अनुसन्धान र घटनाक्रमको वर्णन हेर्दा उनको खारिएको वर्षौंको अनुभव स्पष्ट हुन्छ ।

अनवर अल-अल्वाकी सन् २०११ सेप्टेम्बर ३० का दिन ड्रोनद्वारा मारिएका थिए । अमेरिका पक्षीय यमनी परिवारका अल्वाकीका पिता फुलब्राइट छात्रवृत्ति पाएपछि कृषि विज्ञान विषयमा अध्ययन गर्न अमेरिका पुगे । अल्वाकी सन् १९७१ मा अमेरिकामा जन्मिएका थिए । उनको परिवार सन् १९७७ मा यमन फर्कियो, जहाँ अल्वाकीले स्कूल र कलेजको अध्ययन सिध्याए । त्यसपछि कोलोराडो स्टेट युनिभर्सिटीमा इन्जिनियरिङ पढ्न उनी फेरि अमेरिका गए । कोलोराडोमा रहँदा अल्वाकी त्यहाँको सानो मुश्लिम समुदायको सम्पर्कमा आए र विस्तारै पुरातनी इस्लामपट्टि ढल्किए । डिग्री लिएपछि उनले इन्जिनियरिङ विधा चटक्कै छाडेर इमाम बन्ने निर्णय गरे । २००१ सेप्टेम्बर ११ मा न्यूयोर्कको ट्रेड टावरमा आक्रमण हुँदा उनी वासिङ्टन डीसी छेउ बस्ने गर्थे । त्यतिवेलासम्म उनले गरेका धार्मिक प्रवचनका क्यासेट र सीडी खास समुदायमा लोकप्रिय हुन थालिसकेका थिए । यूटचूबको प्रयोग शुरू भएपछि उनका नीति र उपदेश सुन्नेहरूको सङ्ख्या ह्वात्तै बढेको थियो ।

अल्वाकीले सेप्टेम्बर ११ आक्रमणको निन्दा गरेका थिए । तत्पश्चात् अमेरिकामा मुश्लिम समुदायलाई शङ्काको दृष्टिले हेर्न थालिएको विषयबारे चासो व्यक्त गरे पनि उनी राजनीतिक हिसाबले चरमपन्थी बनिसकेका थिएनन् । त्यसैबेला एक महिला यौनकर्मीसित उनको संसर्ग रहेको अमेरिकी गुप्तचर एजेन्सी (एफबीआई) ले फेला पार्‍यो । त्यतिवेलासम्म आतङ्कवादीसित उनको सम्बन्ध रहेको पुष्टि हुन सकेन । यौनकर्मीसितको सम्बन्ध सार्वजनिक भएपछि इस्लाम धर्मको प्रवर्तकका रूपमा आफ्नो जीवनयात्रा अगाडि नबढ्ने लागेपछि सन् २००२ मा उनले अमेरिका छाडे; यमन फर्किए ।

यमनमा इन्टरनेटको माध्यमबाट शुरू गरेको धार्मिक उपदेशमा, अफगानिस्तान र इराकमा चलिरहेका लडाइँको दृष्टान्त दिँदै अल्वाकी प्रस्ताव गर्थे– 'पश्चिमी मुलुकहरूको उद्दण्डपन अर्थात् आइलाग्ने व्यवहारको विरुद्धमा जाइलाग्नु हरेक मुसलमानको कर्तव्य हो । आवश्यक परे हिंसाको प्रयोग पनि उचित हुन्छ ।' अङ्ग्रेजी भाषाको ज्ञान र बोल्ने कलाले उनलाई चरमपन्थी जिहादको प्रभावशाली प्रचारक बनायो । आतङ्ककारी आक्रमण गर्दै वा सो तर्जुमा गर्दा समातिएका व्यक्तिहरूले आफू अल्वाकीबाट प्रभावित भएको बताउँथे । नाइजेरियाको उमार फारुक अब्दुलमुतल्लाह नामक व्यक्ति अल्वाकीको प्रशंसक थिए ।

शेनको विश्लेषणमा अब्दुलमुतल्लाह एउटा महत्त्वपूर्ण कडी हो । यमनबाट अमेरिकाको डेट्रोइटतर्फ उडेको हवाइजहाजमा अब्दुलमुतल्लाह भित्री लुगामा बम लुकाएर लैजान सफल भएका थिए । २५ डिसेम्बर २००९ मा विमान डेट्रोइटमा अवतरण गर्नुअघि बम

**ठूला लडाइँमा मारिनेहरू 'तथ्याङ्क' बन्थे तर ड्रोनबाट मारिनेहरू तथ्याङ्क मात्रै रहँदैनन्, तिनका कथा बन्छन्। अमेरिका प्रजातान्त्रिक मुलुक हो। मानवअधिकारवादीहरूले त्यस्ता व्यक्तिहरू भेला पार्छन् जसले ड्रोन प्रयोग गर्दा भएका गल्तीका दर्दनाक कथा बताउँछन्।**

पड्काउने प्रयास भए पनि विस्फोट भने हुन पाएन। अब्दुलमुतल्लाह समातिए। उनीबाटै अमेरिकी अधिकारीहरूले अल्वाकीको नयाँ भूमिकाको जानकारी पाएका थिए।

## नयाँ चुनौती

लेखकका अनुसार डेट्रोइट घटनाले नयाँ राष्ट्रपति बाराक ओबामाको सरकारसामु चुनौती खडा गऱ्यो। शेन भन्छन्, "राष्ट्रपति जर्ज डब्ल्यू बुश, उनका सल्लाहकार र अमेरिकी जनता जस्तै ओबामा र उनका सहयोगीहरूले पनि इस्लामिक चरमपन्थीहरूको धम्कीका कारण कडा नीति अपनाउन थालेका थिए। ११ सेप्टेम्बर २०११ को आक्रमण हुनुअघि आफूसित लडाइँमा नहोमिएका मुलुकमा बसोबास गर्दै आएका आतङ्कवादी मार्न मिसाइलले आक्रमण गर्ने भन्ने प्रस्तावको व्यापक विरोध हुन सक्थ्यो। राष्ट्रपति बुशको सरकारले धेरैपल्ट र स्पष्ट शब्दमा इजरायलद्वारा हमासका नेता र अन्य चरमपन्थीहरू विरुद्ध मिसाइल र अन्य अस्त्रको प्रयोगको भर्त्सना पनि गर्दै आएको थियो।"

११ सेप्टेम्बरपछि यी मान्यता चालू रहन सकेनन्। विस्तारै हेलफायर मिसाइल बोकेका अमेरिकी ड्रोनहरू अफगानिस्तान, यमन र पाकिस्तानका उत्तर-पश्चिम क्षेत्रमा खास व्यक्तिहरू मार्न प्रयोग हुन थाले। ओबामा प्रशासनले यही रणनीति जारी राख्यो। सन् २०१० फेब्रुअरी ५ मा अमेरिकी न्याय विभागको सल्लाह लिएर सरकारले अल्वाकीको नाम मारिनेहरूको सूचीमा संलग्न गऱ्यो। योजनालाई 'अब्जेटिभ ट्राइ' नाम दिएको थियो।

एम्नेष्टी इन्टरनेसनल र ह्यूम्यान राइट्स वाच जस्ता समूहले ड्रोन विमान प्रयोग गर्ने युद्धपद्धतिको वैधानिकताबारे निरन्तर प्रश्न उठाउँदै आएका छन्। तिनले उठाएका प्रश्न हुन्– (१) लडाइँको नियम अनुसार मार्ने सूचीमा परेका व्यक्ति लडाकू नहुन सक्छन् (२) तिनलाई पहिचान गर्न प्रयोग गरिएका सूचना सामान्यतया विश्वासिला हुँदैनन् (३) सार्वजनिक खतरामा छ भन्दै ज्यान मार्ने उद्देश्यले अपनाइएका नीतिको व्यापक दुरुपयोग भएको छ, यो रणनीति आत्मरक्षाको स्वीकार्य घेराभन्दा बाहिर छ; (४) ड्रोन विमानको प्रयोग गर्ने क्रममा अन्य मानवीय क्षति वा नोक्सान हुन्छ भन्ने मानिँदैन, न त क्षतिपूर्ति व्यवस्था नै गरिन्छ (५) लडाइँको क्षेत्रभन्दा बाहिर मार्ने कार्य गैरन्यायिक हत्यासरह हो; (६) थुनामा लिन वा कानूनी कारबाहीको विकल्पबारे सिलसिलेवार हिसाबले आकलन गरिँदैन (७) ड्रोन सञ्चालकहरू उडानस्थलबाट टाढा हुने हुँदा ज्यान लिने विषय खेलाँची सरह बन्न पुग्छ।

आक्रमण कार्यक्रम गोप्य राखिनु ड्रोन प्रयोगको अर्को समस्या हो। एकातिर कार्यक्रम 'सीआईए' को नियन्त्रणमा रहन्छ भने अर्कोतिर प्रशासनले यो क्रियाकलाप वा तिनका अन्तर्निहित सिद्धान्त सार्वजनिक गर्न मान्दैन। अल्वाकीका बाबुले अमेरिकी न्यायालयमा आफ्नो छोरालाई मार्ने उद्देश्यले लक्षित गरिएको विषय उठाएर उजुरी गरेका थिए, तर सरकारले सैनिक निर्णयहरू अदालतको दायराभन्दा बाहिर हुन्छन् भन्दै त्यस सम्बन्धी विषय सार्वजनिक गर्न रोक्यो। स्कट शेनले पनि सूचनाको हक सम्बन्धी ऐनअन्तर्गत रहेर कार्यक्रमको विवरण मागेका थिए। तर न्याय विभागले उनको अनुरोध पनि अस्वीकार गरिदियो। र, जब *न्यूयोर्क टाइम्स* र अमेरिकी सिभिल लिबर्टी युनियनले सूचना माग्दै मुद्दा हाले, अमेरिकी प्रशासनले पाकिस्तानमा ड्रोन कार्यक्रम छ/छैन भन्नेबारे केही नभन्ने निर्णय लियो।

न्याय विभागको तर्क थियो- संयुक्त राज्य अमेरिकाको विरुद्धमा आक्रमण योजना र तर्जुमा गर्ने अलकायदाका अगुवालाई मार्ने निर्णय राष्ट्रिय प्रतिरक्षाको हिसाबले ठीक छ, यद्यपि मार्न शङ्का गरिएको व्यक्ति लडाइँको क्षेत्रमा नहुन सक्छ। अमेरिकी नागरिक हुँदैमा उसले मुक्ति पाउँदैन। आतङ्ककारीहरू वर्दीधारी सैनिक जस्ता हुँदैनन्, तिनीहरू तोकिएको वा शत्रु घोषित मुलुकमा मात्र नबसी विभिन्न देशमा छरिएर बस्न सक्ने हुँदा संयुक्त राज्य अमेरिकाले विभिन्न स्रोत प्रयोग गरेर आतङ्ककारीको सूचना र ती कहाँ छन् भन्ने विवरण पत्ता लगाउनु उचित छ। अमेरिकी सरकारको तर्क के पनि थियो भने 'यसरी मार्नु, प्रहरीको ज्यान लिन्छु भन्ने धम्की दिइरहेको व्यक्तिलाई गोली हानेर हटाउनुसरह हो।' तर शेन भन्छन्, "सरकारले प्रस्तुत गरेका यस्ता सफाइ लक्षित व्यक्ति मार्ने कामलाई आत्मरक्षाको कार्य भनेर पुष्टि गर्न पर्याप्त छैनन्।"

## ड्रोनको भूमिका

शेनका अनुसार ओबामा प्रशासनले अघिल्लो प्रशासनबाट विरासतमा पाएको ठूला युद्धको तुलनामा ड्रोन प्रयोग गर्दा मारिएका गैरसैनिकहरूको सङ्ख्या कम छ। तथापि ड्रोन प्रयोगले विरोध भने निम्त्याएकै छ। ठूला लडाइँमा मारिनेहरू 'तथ्याङ्क' बन्थे तर ड्रोनबाट मारिनेहरू तथ्याङ्क मात्रै रहँदैनन्, तिनका कथा बन्छन्। अमेरिका प्रजातान्त्रिक मुलुक हो। मानवअधिकारका क्षेत्रमा कार्यरत समूहले राजधानी वासिङ्टन डीसीमा त्यस्ता व्यक्तिहरू बोलाउँछन् जसले ड्रोन प्रयोग गर्दा भएका गल्तीका दर्दनाक कथा बताउँछन्।

आधुनिक प्रविधिसँगै विकसित सैनिक अस्त्रहरूमा ड्रोन एउटा अपवादको रूपमा देखिन्छ। अन्य अस्त्रका प्रयोगकर्ताले जस्तो तिनले आफ्नो व्यक्तिगत नोक्सान बेहोर्नुपर्नेबारे सोच्नुपर्दैन। ड्रोनका चालकले हजारौं माइल टाढा बसेर लक्षित शत्रुलाई हेर्न पाउँछ र उपयुक्त समयमा आक्रमण गर्न पनि। यसरी आक्रमणकारी र मारिने दुवैका कथा बन्छन्। तर यो विधिले एकातिर नैतिकताको प्रश्न उठाएको छ भने अर्कोतिर ड्रोन विमानका चालकले भोग्ने मानसिक समस्या पनि बढ्न थालेका छन्।

आफ्नो पुस्तकको अन्त्यमा ओबामा प्रशासनले लिएको ड्रोन प्रयोग गर्ने रणनीतिबारे शेन भन्छन्, "ड्रोन विमानको प्रयोगले इराक र सिरियाको ठूलो भू-भागलाई आफ्नो अधीनमा राख्ने हतियार सुसज्जित इस्लामिक चरमपन्थीहरूलाई निर्मूल गर्न कठिन छ। राष्ट्रपति ओबामाको कार्यकालमा अमेरिका मध्यपूर्वमा नयाँ लामो युद्धमा संलग्न हुन पुगेको छ। यो युद्ध सेप्टेम्बर २०१४ मा ड्रोन आक्रमण गर्ने र सल्लाहकार पठाउने निर्णय गरेपछि शुरू भएको हो। यो युद्ध कहिले र कसरी अन्त्य होला भन्न गाह्रो छ।"

**(न्यूयोर्क विश्वविद्यालयका प्राध्यापक थोमस नागेलको यो समीक्षा *लन्डन बुक रिभ्यू* बाट साभार गरिएको हो। अंग्रेजीबाट अनुवादः अजय दीक्षित)**

## सरकारी तथ्यांक भन्छ :

०७१ सालमा १,६८,१२९ छात्रा र १,७४,५०३ छात्रले गरिबीका कारण विद्यालय छाडे । करिब डेढ लाख गरिब बालबालिकाले त कहिल्यै विद्यालय नै टेकेका छैनन् ।

एउटा कुकुर पाल्न हामी वार्षिक लाखौं खर्च गर्छौं
एक साँझ रमाइलो पार्न हामी हाँसीहाँसी हजारौं तिर्छौं
तर आफ्नै सन्तानका उमेरका विवश विपन्न
केटाकेटीका लागि हामी के गर्छौं?

आउनुहोस्, एउटा विपन्न विद्यार्थीलाई मासिक पाँच सयका दरमा वार्षिक ६ हजारको प्रोत्साहन दिऊँ । विद्यार्थी तपाई आफैं पनि छान्न सक्नुहुन्छ । छात्रवृत्तिको वितरण प्रमुख जिल्ला अधिकारी र जिल्ला शिक्षा अधिकारीको अनुगमन र रोहबारमा स्वयं दाताबाटै हुनेछ । कुन दाताबाट कति छात्रवृत्ति प्राप्त भयो र त्यो कसलाई वितरण गरियो भन्ने विवरण नयाँ पत्रिकाको छापा र विद्युतीय संस्करणमा प्रकाशित हुनेछ । दाता र प्रापकबीच हामी सम्पर्क आदानप्रदान गराउनेछौं ।

**नयाँ पत्रिका** ले विपन्न सय विद्यार्थीलाई प्रोत्साहनका लागि रु. ६,००,०००/- जम्मा गरेर यो अभियान सुरु गर्दै छ । तपाईंहरु सबैलाई यो अभियानमा स्वागत छ ।

सम्पर्क फोन : ०१-४४८५९४४
मो. ९८५११४२६३३, ९८५११०२१३८







# आउनुहोस्
# हात दिऊँ, साथ दिऊँ
## अबोध तर विवश बालबालिकालाई
किनकि धर्ति तिनको पनि हो ।

विपन्न र विवश
बालबालिकाका लागि
**नयाँ पत्रिका** को
सामाजिक अभियान